# बिम्स्टेकका लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह




राजधानी समाचारदाता
काठमाडौं

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बिमस्टेक क्षेत्रमा व्यापार, लगानी, पर्यटन र 'कनेक्टिभिटी'जस्ता क्षेत्रमा नेटवर्किङ र व्यापार सहयोग सुधार गर्न सहायक हुने बताएका छन्।

भारतको नयाँ दिल्लीमा आयोजना गरेको मन्त्रिस्तरीय बिम्स्टेकको व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बंगाल खाडीको प्रयास (बिम्स्टेक) राष्ट्रका निजी क्षेत्रका प्रतिनिधिलाई नेपालमा व्यावसायिक उद्यम र लगानी बढाउन आग्रह पनि गरे।

उनले नेपाल प्राकृतिक स्रोत, लाभदायक स्थान, विविध सांस्कृतिक सम्पदा, अनुकूल जलवायु र बढ्दो प्रतिस्पर्धात्मक मानव पूँजीले सम्पन्न रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले यी सबै कारणले नेपालमा लगानी र व्यापारका लागि अवसर रहेको बताए।

मन्त्री भण्डारीले भने, 'यो शिखर सम्मेलन सार्वजनिक तथा निजी क्षेत्रका सरोकारवालाहरूबीचको बहुआयामिक साझेदारी, बलियो सहकार्य, पारस्परिक विश्वास र ऐक्यबद्धतामार्फत बंगालको खाडी क्षेत्रमा क्षेत्रीय शान्ति, स्थिरता र आर्थिक समृद्धि हासिल गर्ने हाम्रा अटल प्रतिबद्धता र साझा लक्ष्यको वास्तविक पुनर्स्थापना हो,' मन्त्री भण्डारीले भने।

'हामीले व्यापार, लगानी, दिगो कृषि अभ्यास, कनेक्टिभिटी, ऊर्जा र वातावरणीय सुरक्षा तथा जलवायु परिवर्तनका लागि अनुकूलन र न्यूनीकरण रणनीतिमा सुधारिएको सहयोगलाई प्राथमिकता दिनुपर्छ, बिम्स्टेकभित्रका हाम्रा सामूहिक प्रयासले विविध र जीवन्त क्षेत्रको आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने र साझा वृद्धि तथा विकासका अवसरलाई बढावा दिने शक्ति छ', उनले भने।

सुदृढ क्षेत्रीय सहयोगले अर्थतन्त्रको पूर्णक्षमतालाई केही सुधार गर्न, थोरै रोजगारी सिर्जना गर्न र जनताको जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्नसक्ने मन्त्री भण्डारीको भनाइ थियो।

उनले काठमाडौंमा सम्पन्न तेस्रो लगानी सम्मेलनअघि पछिल्ला वर्षमा लगानी र व्यवसायसँग सम्बन्धित प्रक्रिया पनि सुव्यवस्थित र समग्र प्रक्रियालाई सरलीकृत गरिएको उल्लेख गरे।

बिम्स्टेकले यस क्षेत्रको दिगो आर्थिक वृद्धिका लागि सहकार्य, आविष्कार र अनुकूल वातावरण सिर्जना गर्न हाम्रा लागि महत्त्वपूर्ण थलोका रूपमा काम गरिरहने उनले बताए।

नेपाल प्रचुर प्राकृतिक स्रोत, लाभदायक स्थान, विविध सांस्कृतिक सम्पदा, अनुकूल जलवायु र बढ्दो प्रतिस्पर्धात्मक मानव पुँजीले सम्पन्न रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले यी सबै कारणले नेपालमा लगानी र व्यापारका लागि अवसर रहेको बताए।

उनले नेपालले आफ्ना छिमेकी र बाहिरका मुलुकसँग व्यापार, लगानी र सम्पर्क प्रवर्धन गर्न निरन्तर नीतिगत सुधार गरेको जानकारी गराए।

यो बिम्स्टेक व्यापार शिखर सम्मेलनले बजार पहुँच, मूल्य शृंखला एकीकरण, निजी क्षेत्रको वृद्धि र सार्वजनिक-निजी साझेदारीमा वृद्धि गर्न ठोस नतिजा प्रदान गर्ने मन्त्री भण्डारीले उल्लेख गरे।

भूपरिवेष्टित देशका रूपमा नेपालले विभिन्न समस्याको सामना गरिरहेको उल्लेख गर्दै उनले भने, 'मूलतः वैदेशिक व्यापारमा नेपालजस्तो भूपरिवेष्टित देशको पारवहन अधिकारका लागि हाम्रा छिमेकी तथा अन्य मित्र राष्ट्रले निरन्तर सहयोग र ऐक्यबद्धता देखाएकामा हामी प्रशंसा गर्छौं, साना र भूपरिवेष्टित अर्थतन्त्रका लागि बिम्स्टेकले विशेष ध्यान दिनेछ भन्नेमा हामी आशावादी छौं।'

बंगालको खाडी क्षेत्रमा दिगो विकास र समृद्धिका हाम्रा साझा लक्ष्य हासिल गर्न बिम्स्टेकभित्र उत्पादनशील, जनकेन्द्रित र कार्यमुखी सहकार्यका लागि नेपाल सरकारका तर्फबाट मन्त्री भण्डारीले प्रतिबद्धता जनाए। सम्मेलन मंगलबार सुरु भएको हो।

## पूर्वाधार विकासकोष अहिलेको आवश्यकता : ढकाल

**काठमाडौं/रास-** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बिम्स्टेक पूर्वाधार विकास कोष स्थापना गर्ने प्रस्ताव राखेका छन्।

भारतको नयाँदिल्लीमा बुधबार आयोजना भइरहेको बिम्स्टेक बिजनेस समिट २०२४ मा 'बिम्स्टेकमा व्यापार सहजीकरण प्रवर्धन गर्दै इम्प्रुभ्ड क्रस बोर्डर लिंकेज एन्ड ट्रेड इन्फ्रास्ट्रक्चर' विषयक सत्रमा ढकालले बिम्स्टेक पूर्वाधार विकासकोष स्थापना गर्नुपर्नेमा जोड दिए।

राजमार्गलाई भारतको मध्यक्षेत्र बंगलादेशसँग जोडेर र कालादान आयोजनामार्फत म्यानमार र भारतलाई पनि जोडेर क्षेत्रीय सञ्जालका लागि उपयोग गर्न सकिने बताए। उनले पूर्व-पश्चिम राजमार्गको समानान्तर रेलमार्ग निर्माण गर्न सकिने र आवतजावतमा सहज हुने धारणा राखे। ढकालले यस क्षेत्रभित्रको भन्सार प्रक्रियालाई सरल बनाउन सीमावर्ती पूर्वाधार, एकीकृत जाँच चौकीलगायतको विकास गर्नुपर्नेमा जोड दिए। त्यसैगरी, उनले नेपाल

PRABHU BANK
BANK OF THE YEAR 2023

ढकालले सदस्य राष्ट्रलाई व्यापार सहजीकरण प्रवर्धन गर्न र सीमापार सम्बन्धको राम्रो विकास गर्न आवश्यक पूर्वाधारको विकास गर्न स्रोतसाधन उपलब्ध गराउन क्षेत्रीय पूर्वाधारकोष आवश्यक रहेको बताए।

ढकालले बिम्स्टेक क्षेत्रका सबै सदस्य राष्ट्रको विकास भएपछि अन्तर ाष्ट्रिय मञ्चमा हाम्रो आवाज अझ बलियो हुने र अन्तर्राष्ट्रिय बैठकमा थप अधिकारका साथ सामूहिक रूपमा सम्झौता गर्न सक्ने पनि ढकालले बताए। यही कारण बिम्स्टेक सदस्य राष्ट्रबीच थप एकीकृत सञ्जालको विकास गर्न बिम्स्टेक पूर्वाधार विकास कोष आवश्यक रहेको उनले दोहोऱ्याए।

ढकालले नेपालको पूर्व-पश्चिम र भुटानजस्ता भूपरिवेष्ठित मुलुकका लागि सुख्खा बन्दरगाहको विकास गर्नुपर्ने र व्यापार लागत कम गर्न र समग्र सञ्जाल बढाउन ती बन्दरगाहको सञ्जाललाई कसरी सुधार गर्नुपर्नेमा जोड दिए।

त्यसैगरी, ढकालले नेपालजस्ता भूपरिवेष्ठित मुलुकका लागि विद्यमान विमानस्थलको सहज सञ्चालनको आवश्यकता रहेको उल्लेख गर्दै बिम्स्टेकका सबै सदस्य राष्ट्रलाई क्षेत्रीय हवाई सम्पर्क अभिवृद्धि गर्ने विषयमा छलफल गर्न आग्रह गरे।

ढकालले व्यापार सहजीकरण दिगो विकासको मेरुदण्ड भएको बताउँदै यसबाट लाभ लिन बिम्स्टेक राष्ट्रहरूबीचको व्यापार प्रक्रियालाई सरल बनाउनु पर्नेमा जोड दिए।

## आईएमई-पे एपमार्फत आन्तरिक हवाई टिकटमा सफलता

**काठमाडौं/रास-** नेपालको पहिलो डिजिटल वालेट 'आईएमई-पे'ले सञ्चालनमा ल्याएको रिफन्डेबल फिचरमार्फत आन्तरिक हवाई टिकट काट्नेको संख्यामा उत्साहजनक रूपमा बृद्धि भइरहेको जनाएको छ।

सहज फिचर सँगसँगै प्रयोगकर्ताहरूले कल तथा इमेल मार्फत पाउने ग्राहकमैत्री सेवा र तत्कालै हुने रिफन्डले गर्दा 'आइएमई-पे'ले उपलब्ध गराएको यो सेवामा ग्राहकको संख्या बढेको बताइएको छ। अझै अहिले मनसुनको समयमा मौसमको फेरबदल भइरहँदा आइएमई-पे मार्फत प्राप्त भएको यस रिफन्डेबल टिकट फिचरले ग्राहकलाई ढुक्कले यात्राको लागि टिकट खरिद गर्ने हौसला प्रदान गरेको छ।

आइएमई-पे एपमार्फत प्रयोगकर्ताले आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकट काट्दा आन्तरिक हवाई टिकटमा क्यास ब्याक, रिवार्ड पोइन्ट र टिकट-रिफन्डेबल फिचर पनि पाउन सक्छन्।

आईएमई-पेका प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले आन्तरिक हवाई टिकटमा टिकट रिफन्डेबल फिचरमा प्रयोगकर्ताको बढ्दो संख्याले र उत्साहले अझै सेवा थप्न कम्पनी उत्साहित भएको बताए।

## कुमारी बैंक र समाज डेन्टलबीच सम्झौता

**काठमाडौं/रास-** कुमारी बैंक लिमिटेड र काठमाडौंको नयाँ बानेश्वरस्थित समाज डेन्टल प्रालिबीच विशेष छुट प्रदान गर्ने समझदारी भएको छ। कुमारी बैंकका ग्राहकलाई समाज डेन्टलका सेवामा १० प्रतिशतसम्मको छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको हो।

यस सम्झौताअनुसार कुमारी बैंकका ग्राहकले सो समाज डेन्टलका नयाँ बानेश्वर- काठमाडौं, जावलाखेल चोक-ललितपुर, राधेराधे-भक्तपुर, सनसिटी-पेप्सीकोला, बसुन्धरा चौकी-काठमाडौं, सीतापाइला चोक-काठमाडौंबाट यस्तो छुट सुविधा पाउनेछन्।

यसैगरी, बौद्ध-जोरपाटी, कौशलटार-भक्तपुर, इमाडोल-ललितपुर, बनेपा-काभ्रेस्थित सेवाकेन्द्रबाट सेवा लिएबापत कुमारी बैंकको डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने सो बैंकले जनाएको छ।

कुमारी बैंकका ग्राहकलाई सो सेवाकेन्द्रमा रजिस्ट्रेसन शुल्क र चिकित्सक सल्लाह शुल्क निःशुल्क रूपमा उपलब्ध हुने बैंकले जनाएको छ। यस सुविधाबाट सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सकिनेमा बैंक विश्वस्त रहेको जनाएको छ।

बैंकले आफ्ना देशभरका ३ सय २ शाखा सञ्जाल, ३ सय १४ एटीएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखारहित बैंकिङ इकाइमार्फत आफ्ना ग्राहकलाई अत्याधुनिक तथा प्रभावकारी सेवा प्रदान गर्दै आइरहेको जनाएको छ। यसैगरी, बैंकले आगामी दिनमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका लागि यस्ता सहकार्य गर्दै जाने प्रतिबद्धता जनाएको बताएको छ।

## नेपाल माइक्रो इन्स्योरेन्सले आईपीओ निष्कासन गर्ने

### बिक्री प्रबन्धकमा एनआईएमबी एस क्यापिटल नियुक्त

राजधानी समाचारदाता
काठमाडौं




नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीले आईपीओ निष्कासन गर्ने भएको छ। कम्पनीले आईपीओ निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा एनआईएमबी एस क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।

कम्पनीले आफ्नो जारी पुँजीको ३० प्रतिशतले हुन आउने २२ करोड ५० लाख रुपैयाँबराबरको अंकित मूल्यमा १०० रुपैयाँ कुल २२ लाख ५० हजार कित्ता साधारण सेयर निष्कासन गर्न लागेको हो।

कम्पनीले आईपीओको निष्कासन गर्न एनआईएमबी एस क्यापिटलसँग सोमबार सम्झौता गरेको हो। सो सम्झौतापत्रमा निष्कासन कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मृगेन्द्रनाथ रिमाल र निष्कासन तथा बिक्री प्रबन्धकका तर्फबाट महाप्रबन्धक सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका हुन्।

न्यून आय भएका एवं पिछडिएका क्षेत्रका बासिन्दा र सीमान्तकृत समुदायका व्यक्तिलाई लघु बिमा सेवा पुऱ्याउने लक्ष्य लिई नेपाल माइक्रो इन्स्योरेन्सले २७ चैत २०७९ सालमा निर्जीवन लघु बिमाको इजाजतपत्र प्राप्त गरी लघु निर्जीवन बिमा कम्पनीको हैसियतले २६ वैशाख २०८० सालदेखि लघु निर्जीवन बिमासम्बन्धी कारोबार सञ्चालन गर्दै आइरहेको छ।

### सेयर बजारमा उत्साह

## नेप्से १०८.३५ अंकले बढेर २७ सय ५९ बिन्दुमा

राजधानी समाचारदाता
काठमाडौं



अघिल्लो दिन करेक्सन भएको सेयर बजार बुधबार उच्च अंकले बढेर उत्साह छाएको छ। मंगलबार १ सय ४५ अंकले घटेको सेयर बजारमा बुधबार नेप्से १ सय ८ दशमलव ३५ अंकले बढेर २७ सय ५९ को बिन्दुमा पुग्यो। यसदिन कारोबारमा आएका सबै उपसमूहको सूचक बढेका थिए। अन्य उपसमूहको सूचक सर्वाधिक ७ दशमलव ८९ प्रतिशत र फाइनान्सको सूचक ७ दशमलव ६२ प्रतिशतले बढेको थियो।

यसदिन २ सय ३९ वटा कम्पनीका लगानीकर्ताले कमाएका थिए। १२ कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको थियो। बहुराष्ट्रिय कम्पनी बोटलर्स नेपाल बालाजु, गुडविल फाइनान्स, समृद्धि फाइनान्स, प्रोग्रेसिभ फाइनान्स, नेपाल रिइन्स्योरेन्स, मैलुङ खोला जलविद्युत्, दोल्ती पावर कम्पनी, सिटी होटल र हिमालयन रिइन्स्योरेन्सको सेयर मूल्य १० प्रतिशतले बढेको थियो।

यसैगरी, सेन्ट्रल फाइनान्स ९ दशमलव ९ प्रतिशत, कुथेली बुखारी हाइड्रोपावर ९ दशमलव ९८ प्रतिशत र शाइन रेसुंगा डेभलपमेन्टको सेयर मूल्य ९ दशमलव ९४ प्रतिशतले बढेको थियो।

बुधबार ३ वटा कम्पनीका लगानीकर्ताले गुमाएका छन्। यसदिन कुल १७ अर्ब ९५ करोड ९ लाख रुपैयाँको सेयर कारोबार भएको थियो। हिमालयन रिइन्स्योरेन्सको सर्वाधिक १ अर्ब ५३ करोड रुपैयाँको सेयर किनबेच भएको थियो। त्यस्तै, नेपाल फाइनान्सको ६५ करोड ५५ लाख रुपैयाँको सेयर खरिद बिक्री भएको थियो। अघिल्लो दिन मंगलबार १४५ अंकको भारी गिरावट आएको सेयर बजारले बुधबार पुनः आफ्नो लय समाएको सम्बन्धित सरोकारवालाले बताएका छन्। सेयर बजार अस्वाभाविक रूपमा बढेको भन्दै पूर्वअर्थ मन्त्रीलगायतले प्रतिनिधिसभाको बैठकमा सेयर बजार बढेकोबारे अभिव्यक्ति दिएसँगै मंगलबार डराएका लगानीकर्ताको मानोबल बुधबार एकै दिनमा फर्किएको उनीहरूको दाबी छ।

अहिले विभिन्न बैंकहरू एवं सूचीकृत कम्पनीको चौथो त्रैमासको वित्तीय विवरणमा समग्रमा नाफा बढेको रिपोर्ट सार्वजनिक भएको छ। यसले पनि सेयर लगानीकर्ताको मनोबल थप बढाउन सहयोग गरेको उनीहरूको भनाइ छ।

## होन्डा कारमा एयरब्याग परिवर्तनको योजना




**काठमाडौं/रास-** आफ्ना ग्राहकको सुरक्षालाई ध्यानमा राख्दै, नेपालमा होन्डा कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनीले होन्डाका निश्चित मोडलमा एयरब्याग परिवर्तन गर्ने योजना बनाएको छ।

सन् २००१ र २०१४ को बीचमा नेपालमा बिक्री भएका सिटी, सिभिक, सीआरभी, ज्याज, इनसाइट, स्ट्रिम र एकर्ड कारको टकाटा एयरब्याग फिर्ता गरिने बताइएको छ। यी मोडलहरूमा एयरब्यागहरू निःशुल्क परिवर्तन गरिने होन्डा कारका सर्भिस म्यानेजर बिनम श्रेष्ठले बताए।

## सत्कार सहकारीको रकम हिनामिना गर्ने पक्राउ

**काठमाडौं/रास-** सत्कार बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकले निक्षेपकर्तालाई आर्कषक ब्याजदर दिन्छु भनी प्रलोभन देखाइ निक्षेपकर्ताको रकम सहकारी मुद्दती, निक्षेप, आवधिक वचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गराएको भन्दै प्रहरीले पक्राउ गरेको छ।

सामाखुसीमा प्रधान कार्यालय भई न्युरोड तथा चावहिलमा शाखा कार्यालय खडा गरी सञ्चालनमा रहेको सहकारीले निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका साथ सो संस्थामा बचतकर्ताले जम्मा गरेको रकमको साँवा, ब्याज फिर्ता नदिई पटकपटक ताकेता गर्दा पनि फिर्ता नदिएकाले पक्राउ गरेको हो।

आफ्नो निक्षेप जोखिममा रहेको ठानी सम्बन्धित संस्थाका कर्मचारी तथा पदाधिकारीलाई लामो समयदेखि ध्यानाकर्षण गराउँदासमेत नियमानुसार पाउनुपर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराईदिने तर्फ आवश्यक पहल नगरी बचतकर्ताको रकम अपचलन तथा हिनामिना गर्ने तथा नक्कली कर्जा फाइल खडा गरी सहकारीको रकम दुरुपयोग गर्ने कार्यमा संलग्न व्यक्तिलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

Ratnanagar Municipality
**Office of Municipal Executive**
Ratnanagar
Chitwan, Nepal

**Notice for Invitation of Bid**

**First Date of publication: 2081-04-24 (8th Aug, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Constructions of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| SN | Name of Project | IFB No: | AAT | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Asphalt concrete and RCC Rigid Pavement works at ward no. 14,15 and 16 of Ratnanagar Municipality. | RAT/CHITWAN/works/NCB/5/2081-82 | 32164302.91 | 694730.00 | 5,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website **of Ratnanagar official website** ( http://www.Ratnanagarmun.gov.np). The Last date of submission of bid is 8th Sep 2024 (2081-05-23) till 12:00 noon time for NCB.

**Chief Administrative Officer**